# संविधान लेखनमा युवा-विद्यार्थीको भूमिका

**माधब कुमार बस्नेत**

## नेपालमा युवाहरुको देनको सिंहावलोकन:

युवा शक्ति अजेय शक्ति हो भन्ने स्वतः सिद्ध तथ्य हो । यो शक्ति परिवर्तनको वाहक पनि हो । चाहे पहिलो राजनीतिक दल प्रजापरिषद्को स्थापना होस् वा जयतु संस्कृतम्को आन्दोलन[1] होस् युवाहरुबाट नै थालनी गरिएको थियो । वि. सं. १९९३ जेठ २० गते प्रजा परिषद्को स्थापना[2] गर्दा यसका अध्यक्ष टंकप्रसाद आचार्यको उमेर ३४ वर्षको थियो[3] । यसका अन्य सदस्यहरु पनि सबै युवाहरु नै थिए[4] । यसभन्दा अघिको प्रचण्ड गोर्खामा पनि युवाहरु नै सकृय थिए[5] । २०३६ सालको विद्यार्थी आन्दोलनको कारणले नै राजाबाट जनमत संग्रहको घोषणा गरिएको थियो[6] । त्यसपछिका २०४६ र २०६२-६३ का आन्दोलनहरुमा पनि युवा-विद्यार्थीहरुको भूमिका महत्वपूर्ण र सकृय रह्यो । त्यसैले युवा-विद्यार्थी शक्ति परिवर्तनको मूल हो भन्नमा कुनै संशय राख्नु पर्ने अवस्था छैन ।

## युवाको भूमिका र संभावना:

यी माथिका तथ्यहरुले युवाले के गर्न सक्छन् भन्ने कुराहरुलाई पुष्टि गर्दछन् । फेरि युवा-विद्यार्थी एउटा शिक्षित वर्ग हो । यसले समाजमा परिवर्तन र स्थायित्व दुबै दिन सक्छ । युवा

---

[1] जयतु संस्कृतम् आन्दोलनको विषयमा हेर्नुहोस्– भूवनलाल प्रधान, ***नेपालको जनक्रान्ति-२००७,*** रुमु प्रकाशनः पकनाजोल, २०४७ पृ. ३०३-३०९ ।

[2] ***टंकप्रसाद आचार्यका भाषण र अन्तर्वाताहरु,*** नेपाल प्रजापरिषद्, केन्द्रीय कार्यालय, २०५४, पृष्ठ १ ।

[3] उनको जन्म वि. सं. १९६९ मा भएको थियो । हेर्नुहोस्, राजेश गौतम, ***नेपालको प्रजातान्त्रिक आन्दोलनमा नेपाल प्रजा-परिषद्को भूमिका,*** प्रकाशक लेखक स्वयं, २०४६, पृ. ५५ ।

[4] नेपाल प्रजा-परिषद्का पदाधिकारीहरु निम्नबमोजिम थिए– (१) टंकप्रसाद आचार्य– सभापति (२) दशरथ चन्द– उपसभापति (३) रामहरि शर्मा– महामन्त्री, सदस्यहरु– (४) धर्मभक्त माथेमा (५) जीवराज शर्मा (६) चूडाप्रसाद शर्मा (७) गोविन्दप्रसाद उपाध्याय (८) गणेशमान सिंह (९) चन्द्रमान (१) हरिकृष्ण श्रेष्ठ (११) गंगालाल श्रेष्ठ (१२) केशबराज कार्की (१३) ध्रुबनाथ द्विवेदी (१४) फणीन्द्रराज हमाल (१५) चित्रबहादुर के. सी. (१६) पुष्करनाथ उप्रेती (१७) बलबहादुर पाण्डे (१८) मुकुन्दनाथ रिमाल (१९) पूर्णबहादुर एम. ए. ।

[5] हेर्नुहोस् खड्गमान सिंह, ***जेलमा बीस वर्ष,*** दोस्रो संस्करण, प्रकाशकः गजानन्द वैद्यः बाँसबारी, काठमाडौं (२०४०) ।

[6] ग्रीष्मबहादुर देवकोटा, ***नेपालको राजनीतिक दर्पण,*** भाग ४ र गिरिराज आचार्य, ***जनमत संग्रह दर्पण -जनमत संहग्रह अवधिभरिको सत्य-तथ्य-विस्तृत दस्तावेज),*** प्रकाशकः इन्द्रनाथ बास्तोलाः धरान, २०४२ ।

विद्यार्थी जोश, जाँगर, शक्ति र बुद्धिका संगम हुन् । अहिलेको संवेदनशील अवस्थामा यो शक्तिको भूमिका अत्यन्त ठूलो छ ।

विषयमा केन्द्रीत भएर कुरा गर्दा अहिले हामी संविधान बनाउँन थालेको अवस्थामा छौं । हाम्रो यो संविधान यस्तो संवेदनशील र चुनौतीपूर्ण समयमा बन्न लागेको छ, जुन नेपालका कुनै पनि संविधान निर्माणको बेला थिएन । त्यसैले यो अवस्थालाई पार लगाई स्थायी संविधान नबनाउने हो भने भोलीको कुनै निश्चितता छैन । नेपालको भूगोल र जातीय स्थितिले गर्दा ती सबैलाई समेट्न सक्ने संविधान बनाउँनु जरुरी छ ताकि फेरि अर्को संविधानको लागि कुनै कसरत गर्नु नपरोस् ।

**संविधानः राज्य सञ्चालनको आधार**

संविधान देशको मूल कानून हो । यसलाई मूल कानून भन्नुका केही कारणहरु छन् । प्रमुख कारण राज्यका सबै अंगहरु– कार्यपालिका, विधायिका र न्यायपालिकाले अधिकार संविधानबाटै प्राप्त गरेका हुन्छन् । त्यसैले यी संविधानभन्दा माथि हुदैनन् र संविधानका नै सृजना हुन् । अर्को कारण जनताका अधिकारहरु पनि संविधानद्वारा नै प्रदान गरिएका हुन्छन् । तेस्रो कारण यदि कुनै कानून संविधानसँग बाझिएका (संवैधानिक व्यवस्था विपरीत) खण्डमा त्यो कानून बदर हुन्छ । यिनै कारणहरुले गर्दा संविधानलाई मूल कानून भनिएको हो । अतः यी र यस्तै कारणहरुले गर्दा राज्यका कुनै पनि अंगहरुले संविधानबमोजिम नै राज्य सञ्चालन गर्नु पर्दछ । संविधानकै आधारमा राज्यको सम्पूर्ण कृयाकलाप सञ्चालन हुने भएको हुनाले संविधान नै राज्य सञ्चालनको एकमात्र आधार हो । त्यसैले संविधान प्रजातान्त्रिक, सर्वस्वीकार्य र ***व्यवहारिक*** हुनु पहिलो आवश्यकता हो । यदि यी तीनवटा तत्व रहेनन् भने अब बन्ने संविधान पनि राज्य सञ्चालनको आधार नबन्न सक्छ वा बने पनि त्यसले स्थायित्व नदिन सक्छ ।

**संविधान निर्माण प्रकृयाः**

संविधान निर्माणको लागि पुगनपुग ९ महिना बाँकी छ । यो अवधिभित्र संविधान बनेन भने त्यसपछि के हुन्छ ? नेपालको राजनीति कसरी अगाडि बढ्छ अहिले नै भन्न सक्ने अवस्था छैन । अहिलेसम्मको संविधान सभाको कार्य हेर्ने हो भने ९ महिनाको अवधिमा संविधान

बनिसक्छ भन्नु ठूलै दुस्साहस हुन्छ । किनभने संविधान सभाको ११ वटा विषयगत समितिहरु[7] मध्ये अहिलेसम्म ५ वटा समितिले मात्र अवधारणापत्र तयार गर्न सकेका छन्[8] । त्यसमा पनि यी तयार भएका प्रतिवेदनहरु बन्न बाँकी रहेका जस्ता विवादास्पद विषयका होइनन् । त्यसैले विवाद हुन सक्ने प्रतिवेदनहरु अझै तयार हुन बाँकी नै छ । त्यसैले त्यसमा धेरै समय लाग्ने निश्चित जस्तै छ । अवधारणा-पत्र सहितको प्रतिवेदन तयार भएपछि पनि संविधानको विधेयक पारित भई संविधान तयार हुनको लागि संविधान र संविधानसभा नियमावली, २०६५ ले विभिन्न प्रकृया तोकेका छन् । ती प्रकृया पूरा गरेर संविधान तयार हुनुपर्ने हुन्छ ।

**संविधानको विधेयक पारित हुनको लागि तोकिएका प्रकृयाः**

संविधानको धारा ७० ले संविधानको विधेयक पारित गर्ने संवैधानिक प्रकृया तोकेको छ । यहाँ तोकिएका प्रकृयाहरु सामान्य हुन् । यिनै सामान्य संवैधानिक व्यवस्थाहरुको आधारमा संविधान सभा नियमावली, २०६५ को नियम ९० देखि १०७ ले विस्तृत कार्यविधिगत व्यवस्था गरेको छ । त्यसैले संविधानको खाका तयार भएपछि पनि यी नियमहरुले तोकेको प्रकृया पूरा गर्दै अगाडि बढ्नु पर्ने हुन्छ । त्यसैले समयमै संविधान बन्न नसक्ने संभावना धेरै छ ।

**संविधानले विधेयक पारित गर्न तोकेको प्रकृयाः**

*७०. संविधानको विधेयक पारित गर्ने विधिः (१) संविधान सभाले संविधानको विधेयक पारित गर्दा संविधान सभामा पेश भएको त्यस्तो विधेयकको प्रस्तावना तथा प्रत्येक धारामा मतदान गरी पारित गर्नेछ ।*

[7] समिति र विषयहरु– (१) मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समिति (२) अल्पसंख्यक तथा सीमान्तकृत समुदायको हक अधिकार संरक्षणा समिति (३) राज्यको पुनर्संरचना तथा राज्य-शक्तिको बाँडफाँड समिति (४) व्यवस्थापकीय अङ्गको स्वरूप निर्धारण समिति (५) राज्यको शासकीय स्वरुप निर्धारण समिति (६) न्याय-प्रणाली सम्बन्धी समिति (७) संवैधानिक निकायको संरचना निर्धारण समिति (८) प्राकृतिक स्रोत, आर्थिक तथा राजस्व बाँडफाँड समिति (९) साँस्कृतिक र सामाजिक ऐक्यवद्धताको आधार निर्धारण समिति र (१०) राष्ट्रिय हितको संरक्षण समिति ।

[8] अहिलेसम्म (१) राष्ट्रिय हितको संरक्षण समिति, (२) अल्पसंख्यक तथा सीमान्तकृत समुदायको हक अधिकार संरक्षणा समिति, (३) संवैधानिक निकायको संरचना निर्धारण समिति, (४) साँस्कृतिक र सामाजिक ऐक्यवद्धताको आधार निर्धारण समिति, र (५) व्यवस्थापकीय अङ्गको स्वरूप निर्धारण समितिले मात्र अवधारणा-पत्र तयार गरेका छन् ।

*(२) उपधारा (१) बमोजिम मतदान गर्दा संविधान सभामा तत्काल कायम रहेका सम्पूर्ण सदस्यको कम्तीमा दुई तिहाई सदस्य उपस्थित भएको बैठकको सर्वसम्मतिबाट पारित गर्नु पर्नेछ ।*

*(३) उपधारा (२) बमोजिम संविधानको विधेयकको प्रस्तावना वा त्यसको कुनै धाराका सम्बन्धमा सर्वसम्मत कायम हुन नसकेमा सो विषयमा सर्वसम्मति कायम गर्न संविधान सभामा प्रतिनिधित्व गर्ने राजनैतिक दलका संसदीय दलका नेताले आपसमा परामर्श गर्नेछन् ।*

*(४) उपधारा (३) बमोजिम परामर्श गर्ने काम सर्वसम्मति कायम हुन नसकेको मितिले बढीमा पन्ध्र दिनसम्म पूरा गरिसक्नु पर्नेछ ।*

*(५) उपधारा (४) बमोजिम परामर्श भएकोमा त्यस्तो परामर्श गर्ने काम पूरा भएको सात दिनभित्र त्यस्तो विधेयकको प्रस्तावना वा कुनै धारा उपर पुनः मतदान हुनेछ ।*

*(६) उपधारा (५) बमोजिम मतदान हुँदा पनि उपधारा (२) बमोजिमको सर्वसम्मत कायम हुन नसकेमा प्रस्तावना वा जुन धाराका सम्बन्धमा सर्वसम्मत कायम हुन नसकेको हो सो प्रस्तावना वा धारामा पुनः मतदान हुनेछ र त्यस्तो मतदानमा संविधान सभाका तत्काल कायम रहेका सम्पूर्ण सदस्यको कम्तीमा दुई तिहाई सदस्य उपस्थित भएको बैठकको कम्तीमा दुई तिहाई बहुमतबाट पारित भएमा त्यस्तो प्रस्तावना वा धारा पारित भएको मानिनेछ ।*

*(७) यस धाराको प्रयोजनका लागि संविधान सभामा पेश भएको संविधानको विधेयकको प्रस्तावना वा त्यसको कुनै धाराको सम्बन्धमा मतदान गर्दा कुनै पनि सदस्यले त्यस्तो विधेयकको प्रस्तावना वा त्यसको कुनै धाराको विपक्षमा मत नदिएमा सर्वसम्मति कायम भएको मानिनेछ ।*

## संविधान सभा नियमावली, २०६५ ले तोकेको कार्यविधिः संक्षिप्तमा[9]

संविधान सभा नियमावली, २०६५ को नियम ६६ बमोजिम गठित विभिन्न विषयको अवधारणापत्र र सम्बन्धित विषयको संविधानको विधेयक तयार गर्ने विषयगत १० वटा समितिहरुले पेश गरेका विधयेकलाई समायोजन गरी संविधानको प्रारुप तयार गर्नको लागि

[9] संविधान सभा नियमावली, २०६५ को सम्बन्धित अध्याय यहाँ उल्लेख गर्न लामो हुने भएकोले योसँगै छुट्टै वितरण हुनेछ ।

संवैधानिक समिति नामक समितिले कार्य गर्दछ । यस विषयमा संविधान सभा नियमावली, २०६५ मा निम्नबमोजिमको व्यवस्था रहेको छ–

***<u>संवैधानिक समितिः</u>***

*(१) सभामा एक संवैधानिक समिति रहनेछ ।*

*(२) नियम ६६ बमोजिमका विषयगत समितिहरुले आफ्ना कार्यक्षेत्र भित्रका विषयको अवधारणा पत्र सहितको प्रारम्भिक मस्यौदा सम्बन्धी प्रतिवेदन संविधान सभामा पेश गरिसकेपछि त्यस्ता समितिहरुबाट प्राप्त प्रतिवेदन, सोमाथि सभामा छलफल भई सभाले दिएको सुझाव र निर्देशन समेतका आधारमा संविधानको मस्यौदा तयार पारी संविधान सभामा पेश गर्नु उपनियम (१) बमोजिमको समितिको प्रमुख कर्तब्य हुनेछ ।*

*(३) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि संविधानको प्रस्तावना र कुनै पनि विषयगत समितिहरुको कार्यक्षेत्र भित्र नपरेका तर संविधानमा समावेश गर्नुपर्ने विषयको पहिचान गरी त्यसको अवधारणापत्र सहितको प्रारम्भिक मस्यौदा तयार पारी सभामा पेश गर्ने जिम्मेवारी समेत संवैधानिक समितिमा रहनेछ ।*

नियमको यो व्यवस्थाले के कुरा स्पष्ट हुन्छ भने अन्य समितिहरुले प्रतिवेदन दिएपछि मात्र यस समितिले ती समितिहरुबाट प्राप्त प्रतिवेदनलाई सयोजन गरी संविधानको खाका तयार गर्दछ । माथि उल्लेख गरेजस्तै अन्य समितिहरुले नै प्रतिवेदन तयार गरिनसकेको अवस्थामा ती समितिहरुले प्रतिवेदन दिएपछि मात्र यस समितिको मुख्य कार्य शुरु हुन्छ ।

यो मुख्य कामको अतिरिक्त यस समितिले आफैंले विधेयक तयार गर्नु पर्ने विषयहरु पनि छन् । निम्न विषयहरुमा समितिले आफैं अवधारणापत्र र विधयेक तयार गर्नु पर्दछ–

१. प्रस्तावना

२. संविधानको पहिलो भागमा रहने विषयवस्तुहरु

३.संविधान संशोधन प्रकृया

४. राजनीतिक दलसम्बन्धी संवैधानिक व्यवस्था

५. संकटकालीन अवस्थाको घोषणासम्बन्धी व्यवस्था

६. बाधा अड्काउ फुकाउनेसम्बन्धी व्यवस्था,

७. विविध भागमा रहने व्यवस्थाहरु,

८. संक्रमणकालीन व्यवस्थाहरु,

९. परिभाषाको भाग

१०.संक्षिप्त नाम र प्रारम्भ

यति धेरै काम रहेको समितिको सभापतिको चुनाव नै तीन महिनापछि भरखरै सकिएको छ र ठूला चाडहरु पनि नजिकिदै गएका छन् । जसको कारणले तोकिएको समयमा नै संविधान बन्छ कि बन्दैन भन्ने विषयमा चिन्तित हुनु पर्ने अवस्था विद्यमान छ ।

**खाका तयार गरेपछिको प्रकृया:**

संवैधानिक समितिले संविधानको खाका तयार गरेपछि पारित हुनको लागि निम्नबमोजिको प्रकृया पार गर्नुपर्छ–

संविधानको खाका तयार भएपछि संवैधानिक समितिको सभापति वा निजले तोकेको सदस्यले ७ दिन अगावै विधेयक पेश गर्नु पर्दछ । त्यसपछि उसले संविधान सभामा पहिलो विधेयक पेश गर्छ । त्यसरी पेश गरेपछि त्यो विधेयकमा जनताको प्रतिकृया प्राप्त गर्नको लागि राजपत्रमा प्रकाशति गरिन्छ । त्यसपछि जनमत संकलन तथा समन्वय समितिले सो विधेयक प्रचार प्रसार तथा सुझाव संकलन गर्न कार्ययोजना तयार पारी स्वीकृतिको लागि सभासमक्ष पेश गर्नु पर्दछ । सभाबाट स्वीकृत भएपछि कार्ययोजनाबमोजिम नै जनताको सुझावसमेतको प्रतिवेदन संवैधानिक समितिमा पेश हुन्छ ।

यसरी संवैधानिक समितिमा आएपछि त्यो समिमितले आवश्यक परिमार्जन गर्छ र फेरि सभामा पेश गर्दछ । त्यसपछि विधेयकमा कसैले संशोधन पेश गर्न चाहेमा त्यसबमोजिमको प्रकृया शुरु हुन्छ । यस्ता सबै प्रकृया पूरा भएपछि अनिमात्र संविधानको धारा ७० को प्रकृया शुरु हुन्छ । धारा ७० को प्रकृया पूरा भएपछि मात्र संविधान लागू हुन्छ ।

**समस्याको पहिचान:**

यी माथिका कुराहरुबाट हामीले तीनवटा समस्याहरु वर्तमानमा रहेको निश्कर्ष निस्कन्छः–

**(क) समयको सीमाः**

संविधानको धारा ६४ मा *“संविधान सभाले प्रस्ताव पारित गरी अगावै विघटन गरेकोमा बाहेक संविधान सभाको कार्यकाल संविधान सभाको पहिलो बैठक बसेको मितिले दुई वर्षको हुनेछ ।*

*तर मुलुकमा संकटकालीन स्थितिको घोषणा भएको कारणले संविधान निर्माण गर्ने कार्य पूरा हुन नसकेमा संविधान सभाले प्रस्ताव पारित गरी संविधान सभाको कार्यकाल थप छ महिनासम्म बढाउँन सक्नेछ”* भन्ने व्यवस्था छ । संविधान सभाको पहिलो बैठक २०६५ साल जेठ १५ गते बसेको हुनाले २ वर्षको अवधि आगामी २०६७ साल जेठ १४ गते पुग्दैछ । त्यसैले आगमी जेठ १४ गतेसम्ममा नयाँ संविधान बनेर लागू हुनुपर्दछ । हो, संविधानको यो व्यवस्थालाई नै संशोधन गरेर अवधि बढाउँन नसकिने होइन । तर देशमा विद्यमान रहेको अन्तरिम काललाई लम्ब्याउने होइन जतिसक्दो छोट्याउने तिर सबैको ध्यान केन्द्रीत हुन जरुरी छ ।

त्यसको लागि समय अत्यन्तै छोटो भएको कुरा माथि नै उल्लेख गरिसकिएको छ । तर जिम्मेवार दलहरु देशको भविष्यसँग गाँसिएको संविधान बनाउने भन्दा सरकार बनाउने र ढाल्ने खेलमा नै अल्झिरहेको सबैलाई महसूस भैरहेको कुरा हो । तसर्थ समयमा नै संविधान सभामा प्रतिनिधित्व गर्ने दलहरुलाई झक्झकाउन सकिएन भने संविधान संशोधन गर्ने भन्दा अर्को विकल्प बाँकी रहदैन ।

**(ख) संविधान प्रजातान्त्रिक बनाउनु पर्नेः**

अन्तरिम संविधानले प्रजातान्त्रिक शासन व्यवस्था, स्वतन्त्र न्यायपालिका, मानव अधिकार, कानूनको शासन आदिको प्रत्याभूति भएको संविधान निर्माण गर्नु पर्ने कुरालाई विशेष जोड दिएको छ । प्रस्तावनामा “प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन व्यवस्था, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, बालिग मताधिकार, आवधिक निर्वाचन, पूर्ण प्रेस

स्वतन्त्रता, स्वतन्त्र न्यायपालिका तथा कानूनी राज्यको अवधारणा लगायत लोकतान्त्रिक मूल्य र मान्यताप्रति” पूर्ण प्रतिवद्धता व्यक्त गरेको छ । तर संविधान सभाका विभिन्न समितिहरुमा भैरहेका छलफलहरुलाई हेर्दा र अझ न्याय प्रणालीसम्बन्धी समितिबाट २०६६/५/१२ मा बहुमतको आधारमा पारित भएको प्रस्तावमा न्यायाधीशको नियुक्ति तथा बर्खास्ती, संविधान तथा कानूनको व्याख्या संसद्ले नै गर्ने भनिएको हुनाले कतै अप्रजातान्त्रिक संविधान बन्ने त होइन भन्ने ठूलो प्रश्न जन्मिएको छ । त्यसैले दोस्रो समस्याको रुपमा प्रजातान्त्रिक संविधान बनाउने रहेको छ ।

<u>(ग) त्यसको लागि कसले भूमिका निभाउने ?</u>

सबै जनताहरु सचेत नै भएको अवस्थामा पनि उनीहरुको सचेतना व्यक्त गर्ने चुनाव, जनमतसंग्रह जस्ता आवधिक माध्यमहरुमात्र हुन्छन् । फेरि सबै अवस्थामा जनताहरु दिनदिनै यस्तोमा लागेर हिँड्न पनि सक्दैनन् । जनताको संगठित आवाज कि मतद्वारा हुन्छ कि आन्दोलन जस्तो माध्यमबाट मात्र हुन सक्छ । त्यसैले यस्तो अवस्थामा जनताको संगठित आवाज आउन सक्ने संभावना अत्यन्त कम हुन्छ । त्यसबाहेक सबै जनताले सिद्धान्तका कुरा नबुझ्न सक्छन् । त्यसैले यस्तो अवस्थामा संगठित आवाज कसले उठाउँने भन्ने अर्को समस्याको रुपमा रहेको छ ।

<u>युवा-विद्यार्थीको संलग्नता र भूमिका:</u>

संविधान निर्माणको बाँकी चरणमा युवा-विद्यार्थीहरु प्रत्यक्ष र अप्रत्यक्ष दुबै किसिमले संलग्न हुन सक्छन् । प्रत्यक्ष अन्तरगत जब संवैधानिक समितिले संविधानको प्रारम्भिक मस्यौदा तयार गरेपछि त्यसमा जनताको प्रतिकृया र सुझाव संकलनको लागि सार्वजनिक गरिन्छ । त्यसरी संविधानको मस्यौदा सार्वजनिक भएपछि संविधानमा रहेका व्यवस्थाहरुको अध्ययन गरी भावी संविधान कस्तो हुनुपर्दछ ? त्यसमा समेटिनु पर्ने व्यवस्थाहरु के के हुन् र तिनीहरु समेटिएका छन् कि छैनन् ? ती विषयमा अध्ययन गरी आवश्यक सुझाव र प्रतिक्रिया पेश गरेर संविधानलाई अन्तिम रूप दिनको लागि राज्यको चेतनशील र बौद्धिक वर्ग भएको कारणले त्यो प्रकृयामा भाग लिई सहयोग गर्न सक्छन् । त्यस अतिरिक्त यो अवस्थामा उनीहरुले सबै जनताहरुलाई सचेत गराउनको लागि पनि महत्वपूर्ण भूमिका उनीहरुले खेल्न सक्छन् ।

**अप्रत्यक्षः**

युवा विद्यार्थीहरुलाई प्रत्यक्ष रूपमा संलग्न हुने ठाउँ संविधान सभा नियमावलीले एक ठाउँमा मात्र दिए पनि अप्रत्यक्ष रूपमा भने धेरै किसिमले संलग्नता जनाउँन सक्छन् । त्यसैले संविधान निर्माण प्रकृयामा संलग्नताको दृष्टिकोणबाट अप्रत्यक्ष भए पनि यो तरिका पनि प्रत्यक्ष जत्तिकै प्रभावकारी हुनुको अतिरिक्त, संलग्न हुने ठाउँको दृष्टिकोणबाट यो धेरै व्यापक छ ।

अधिकांश युवा-विद्यार्थीहरु कुनै न कुनै विद्यार्थी संगठनमा आवद्ध भएको कारणले उनीहरुले संविधान सभाका विभिन्न समितिहरुमा भएका, संविधान सभामा भएका छलफल तथा आफू संवद्ध विद्यार्थी संगठन आवद्ध रहेको दलले प्रस्तुत गर्ने धारणा उनीहरुकोमा आइपुग्ने माध्यम त्यही संगठन हुन्छ । जसको माध्यमबाट सार्वजनिक सञ्चारमाध्यममा नआएका विषय पनि उनीहरु समक्ष आइपुग्छन् । त्यसैले युवा-विद्यार्थीहरुले संगठित रुपमा नै आफ्ना कुराहरु राख्न सक्छन् र संविधान सभालाई प्रभाव पार्न सक्छन् । त्यस अतिरिक्त, दुई वा बढी संगठनहरु मिलेर साझा धारणा बनाई त्यसलाई थप बलियो बनाएर पनि संविधान सभा समक्ष शान्तिपूर्ण रुपमा नै पुऱ्याउन सक्छन् । त्यसैले यो तरिका अत्यन्त उपयुक्त हुन्छ युवाहरुको लागि । फेरि यसरी संगठनात्मक धारणा पुऱ्याउँन राजधानीनमा नै हुनुपर्दछ भन्ने पनि जरुरी छैन । विभिन्न क्याम्पसहरु अधिराज्यभर रहेका हुनाले आफ्ना विचारहरु संगित रुपमा नै केन्द्रमा पुऱ्याउनको साथै जनतालाई सचेत र सजग बनाउँन पनि यो शक्ति सक्षम हुन्छ ।

अहिले संविधान सभाका विभिन्न विषयगत समितिहरुले आफ्नो विषयमा अवधारणा-पत्र सहितका प्रतिवेदनहरु पेश गरिरहेका छन् । ती अवधारणा-पत्रहरुमा संविधानमा रहनु पर्ने भनी प्रस्ताव गरिएका विषयहरुको बारेमा विश्लेषण गरिएका छन् । प्रस्ताव गरिएका संवैधानिक व्यवस्था किन गरिएका हुन् भन्ने कारण अवधारणापत्रहरुमा विश्लेषण गरिएका छन् । त्यसैले युवा विद्यार्थीहरु संविधान तथा कानूनका विद्यार्थी नभए पनि ती अवधारणापत्र र प्रस्तावित संवैधानिक व्यवस्थाबाट भावी संविधानको प्रारुपको विषयमा बुझ्न कठीन हुदैन । यी आधारमा के कस्ता व्यवस्था प्रस्तावित भएका छन् ? समेटिनु पर्ने व्यवस्था समेटिएका छन् कि छैनन् ? आदि विषयमा अध्ययन, मनन र छलफल गरी त्यस विषयमा सम्बन्धित समिति समक्ष आफ्ना सुझा पेश गरेर प्रारम्भिक चरणमै संलग्न हुन सक्छन् । -अवधारणापत्रहरुको उपलब्धता

पुस्तकाकारमा सीमित भए पनि विद्युतीय उपब्धता भने www.can.gov.np/conceptpapers मा छन्) ।

**निश्कर्षमाः**

नेपाली युवाहरुको अझ युवा विद्यार्थीहरुको भूमिकाको विषयमा थोरै भए पनि प्रमाणित इतिहास उधिन्ने काम शुरुमा भएको छ । विश्वको सबैभन्दा जेठो आधुनिक लिखित संविधान - अमेरिकी संविधानको निर्माणमा पनि युवाहरुको सक्रिय भूमिकाले ठूलो मद्दत पुगेको थियो । अलेक्ज्याण्डर ह्यामिल्टन ३२ वर्षका थिए । जेम्स म्याडिसन ३६ वर्षका थिए । जेम्स म्याडिसनलाई त अमेरिकी संविधानको पिता नै भनिन्छ[10]। त्यसैले नेपालमा मात्र नभई विदेशमा समेत युवाहरुले संविधान निर्माणमा महत्वपूर्ण भूमिका निर्वाह गरेका छन् ।

संविधान सभाले वैधता दिने भए पनि संविधान निर्माण गर्नको लागि सबैको रचनात्मक सहयोगको आवश्यक छ । सविधान सबै नेपालीको साझा दस्तावेज भएकोले सबैको भूमिकाको उत्तिकै महत्व हुन्छ । युवा-विद्यार्थी वर्ग बौद्धिक वर्ग भएको कारणले र नयाँ संविधान निर्माणको वातावरण बनाउँन पनि यस वर्गले ठूलो भूमिका निर्वाह गरेको कारणले निर्धारित गरिएको समयावधिभित्र प्रजातान्त्रिक संविधान निर्माण गर्न यसले प्रत्यक्ष र अप्रत्यक्ष दुबै किसिमले भूमिका खेल्न सक्छ र खेल्नु पर्दछ ।

[10] Leonard W. Levy and Kenneth L. Karst, ***Encyclopedia of the American Constitution***, 2nd Edition, Vol. 4, MacMillan Reference USA: NY, 2000, at p 1655.